# प्रभाव दैनिक

सोमबार, १४ चैत २०७८ (Monday, March 28, 2022)


## रूपशाला

### 'आरआरआर'को कीर्तिमानी कमाइ

निर्देशक एसएस राजमौली निर्देशित फिल्म 'आरआरआर' शुक्रबारबाट प्रदर्शनमा आएको छ। तमिल, तेलगुसँगै हिन्दीलगायतका विभिन्न भाषामा प्रदर्शनमा आएको फिल्मले पहिलो दिनको विश्वभर प्रदर्शनबाट २ सय २७ करोड भारतीय रूपैयाँ आम्दानी गरेको छ। योसँगै विश्वभर नै प्रदर्शनको पहिलो दिनमै सबैभन्दा धेरै आम्दानी गर्ने फिल्म बनेको छ।



# मञ्जुलाई मिसेस ब्यूटी क्विनको उपाधि




■ प्रभाव संवाददाता

**काठमाडौं–** सिजन मिडियाद्वारा आयोजित 'लेट मि इन मिसेस ब्यूटी क्विन २०७८' को उपाधि काठमाडौंको गोठाटारकी मञ्जु डोटेलले हात पारेकी छिन्। बाह्र प्रतियोगीलाई पछि पार्दै उपाधि चुम्न सफल डोटेलले पपुलर र मल्टिमिडिया अवार्डसमेत जितेकी छिन्।

शनिबार राति काठमाडौँमा भएको फाइनल प्रतिस्पर्धामा धनगढीकी निरु सिंह फस्ट रनरअप र पोखराकी दुर्गा लामिछाने सेकेण्ड रनरअप हुन सफल भए।

प्रतियोगितामा सावित्री पाण्डे र सीता पाण्डे क्रमशः थर्ड र फोर्थ रनरअप हुन सफल भए भने मीना महर्जनले अर्गनाइजर च्वाइस अवार्डको उपाधि प्राप्त गरेकी छिन्।

अन्तिम प्रतिस्पर्धामा निरु सिंहले इलिगेन्स अवार्ड, सविता पोखरेलले ब्यूटिफुल स्किन, सावित्री पाण्डेले भ्युअर च्वाइस, सुमिता तामाङ गुरुङले इनोसेन्ट, दुर्गा लामिछाने र इन्टेलिजेन्स अवार्ड प्राप्त पाए।

यस्तै सविना आले मगरले फेसनेवल, रूपा परियारले मोष्ट ट्यालेन्टेड, सुमित्रा पराजुलीले डिसिप्लिन, सीता पाण्डेले वेष्ट वाक, प्रेरणा सिंजापति बरालले फोटोग्राफिक, मीना श्रेष्ठले वेष्ट पर्सनालिटी अवार्ड प्राप्त गरेका छन्।

कूल २० प्रतिस्पर्धीमध्येबाट छनोट भएर आएका १२ जना अन्तिम प्रतिस्पर्धामा सहभागी भएको सिजन मिडियाका अध्यक्ष प्रदीपराज वन्तले जानकारी दिए। गत फागुनमा १५ बाट सुरु भएको प्रतियोगिताको यो पाँचौं संस्करण हो।



# भारतीय हास्य कलाकार राजपाल यादव सर्लाहीमा

■ प्रभाव संवाददाता

**सर्लाही–** भारतीय सिने जगतका चर्चित हास्य कलाकार राजपाल यादव सर्लाही आइपुगेका छन्। सदरमुकाम मलंगवास्थित कवडहलमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्न उनी शनिबार सर्लाही पुगेका हुन्। अन स्क्रिनमा मात्र देखिने गरेका कलाकार यादवलाई हेर्न स्थानीय बिहानैदेखि गाउँ-गाउँबाट सदरमुकाम मलंगवा पुगेका थिए। कलाकार यादव भने निर्धारित समयभन्दा ४ घण्टा ढिलो ३ बजेमात्र कार्यक्रम स्थल पुगेका छन्।

उनलाई गोपाल सेवा समितिको नवौं राष्ट्रिय महाधिवेशनमा प्रमुख अतिथिको रूपमा सर्लाही ल्याइएको हो। कलाकार यादवसँग फोटो र सेल्फी लिन भिड उर्लिएपछि आयोजकलाई भीड नियन्त्रण गर्न केही बेर हम्मेहम्मे परेको थियो।

कलाकार यादवले पानमा दीप प्रज्वलन गर्दै कार्यक्रमको समुद्घाटन गरे। आयोजकको तर्फबाट उनलाई ५६ किलोको मालाले सम्मानसमेत गरिएको थियो।

मलंगवा नगरपालिका वडा नम्बर २ स्थित कभर्डहलमा महाधिवेशन उद्घाटन समारोह चलिरहेको छ। उद्घाटन समारोह राति अबेरसम्म चल्ने आयोजक गोपाल सेवा समितिले सर्लाहीले जनाएको छ। राति अबेर हुने बन्दशत्रमार्फत गोपाल सेवा समितिको केन्द्रीय नेतृत्व चयन गर्ने आयोजकले जनाएको हो। स्थल मार्गहुँदै सर्लाही आइपुगेका उनी उद्घाटन समारोहकै बीच फर्किएका छन्।

## भक्तपुर खुला ब्याडमिन्टन

# दीपेश र रशिलालाई उपाधि

■ प्रभाव संवाददाता

**भक्तपुर–** राष्ट्रिय च्याम्पियन एपिएफका दीपेश धामी र सेनाकी रशिला महर्जनले प्रथम राष्ट्र ब्यापी भक्तपुर खुला ब्याडमिन्टन च्याम्पियनसिपको उपाधि उचालेका छन्।

पुरुष एकल तर्फ राष्ट्रिय च्याम्पियन धामीले रिभाईभ लिजर पार्कका बिश्व जुनियर नम्बर एक खेलाडी प्रिन्स दाहाललाई २१-१५, १२-२१, २१-१२ को अन्तरमा पराजित गर्दै उपाधि उचालेका हुन्। तृतीय स्थानमा पुलिसका जीवन आचार्य र बिष्णु कटुवाल रहे। सेमिफाईनलमा जीवन दीपेश संग र बिष्णु प्रिन्स संग पराजित भएका थिए।

भक्तपुर जिल्ला ब्याडमिन्टन संघको आयोजनामा भएको च्याम्पियनसिपको महिला एकल तर्फ राष्ट्रिया च्याम्पियन सेनाकी रशिला महर्जनले उपाधि हात पारिन्। बिश्व जुनियर युगल तर्फ उच्च ७ मा रहेकी उनले सेनाकै अनुमाया राईलाई २१-९, २१-१९ ले पराजित गर्दै उपाधि हात पारेकी हुन्। तृतीय स्थानमा सेनाकी अमिता गिरी र पुलिसकी निता लम्साल रहे। गिरी सेनाकै रशिला संग र निता अनुमाया संग पराजित भएकी थिईन्।

नेपाल ब्याडमिन्टन संघको तत्वावधानमा भएको च्याम्पियनसिपको पुरुष युगल तर्फ सेनाका प्रफुल महर्जन र रुकेश महर्जनको जोडीले बाजी मारे। उक्त जोडीले कास्कीका भुगोल गुरुङ्ग र बिधान अधिकारीको जोडीलाई २१-१७, २१-१३ ले पराजित गर्दै उपाधि जितेका हुन्। तेश्रो स्थानमा एपिएफका दीपेश धामी र बिजित थापा मगर एवं १६ फिदरका क्षितिज खनाल र सुजन थापाको जोडी रहे।

लिवालिस्थित कभर्डहलमा यु १५ छात्रा एकल तर्फ बेलटार ब्याडमिन्टन एकेडेमीकी रोजी राईले काठमाण्डौ ब्याडमिन्टन एकेडेमीकी एञ्जेल लिम्बुलाई २१-१४, २१-१४ को समान अन्तरले पराजित गर्दै स्वर्ण हात पारिन्। तेश्रो स्थानमा सेनाकी रोज पाण्डे र १६ फिदरकी रिहाना शेरचन रहे। सोही बिधाको छात्र एकल तर्फ एनआरएनका शाहिल चन्द र सिल्क ग्रुपका कबिर के.सी. विच भएको प्रतिस्पर्धामा कबिरलेले बाजी मारे। उनले २१-१५, २१-१६ का जित निकालेका हुन्। तेश्रो स्थानमा कपिलबस्तुका रोहित बराल र अभय महरा रहे।

मास्टर्स युगल ४५ तर्फ कास्कीका नरबहादुर गुरुङ्ग र शम्भु श्रेष्ठको जोडीले जित निकाले। उक्त जोडीले गठ्ठाघर स्पोर्टस् क्वलका पूर्णहरि होना र संजीव कपालीको जोडी लाई २१-१५, २१-१७ ले पराजित गर्दै स्वर्ण हात पारेका हुन्। तेश्रो स्थानमा जेष्ट ब्याडमिन्टनका श्याम पराजुली र नविन बाबु श्रेष्ठ तथा चन्द्रागिरीका राम के.सी. र हरि खत्रीको जोडी रहे।




बिजयी खेलाडीहरूलाई संघिय साँसद प्रेम सुवाल, नेपाल ब्याडमिन्टन संघका अध्यक्ष रामजी बहादुर श्रेष्ठ, उपमेयर रजनी जोशी लगायतले पुरस्कार वितरण गरेका थिए। करिव ब १६ लाख ८६ हजार ५ सय रूपैयाँ लागत रहेको च्याम्पियनसिपमा यु-१५ पुरुष/महिला सिंगल्समा शीर्ष स्थान हात पार्नेले क्रमशः १५ हजार, १० हजार र ७ हजार ५ सय नगद पुरस्कार प्राप्त गरे। पुरुष/महिला सिंगल्सका विजेताले ३५ हजार, उपविजेताले २० हजार र तेश्रोले १२ हजार ५ सयका दरले नगद पुरस्कार हात पारे। भेट्रान ४५ वर्षमाथि डबल्स र पुरुष डबल्समा पहिलो हुनेले ३० हजार, दोश्रोले १५ हजार र तेश्रोले ७ हजार ५ सय नगद पुरस्कार प्राप्त गरे।

चारदिने च्याम्पियनसिपमा सातै प्रदेशका जिल्ला र तीन विभागीय टोली (आर्मी / प्रहरी / एपीएफ) बाट २ सय खेलाडीको सहभागिता रहेको थियो।


BARAHAPOKHARI RURAL MUNICIPALITY

**OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE**

BAGHKHOR BHANJYANG, KHOTANG

PROVINCE NO. 1, NEPAL

**Invitation for Electronic Sealed Quotations!!!**

**IFB No.: BRM/INTERNET/SQ/03/078/079**

**First Date of Publication: 2078.12.14 (28th March 2022)**

1. Barahapokhari Rural Municipality, Khotang invites electronic applications from eligible Internet Service Provider (ISP) to Build Broadband Network and Provide Internet Access Connectivity Services in 35 Sites of Barahapokhari Rural Municipality under National Competitive Bidding procedures. Barahapokhari Rural Municipality will provide subsidy to the successful applicants to establish broadband network and provide internet access connectivity services.
2. The estimated subsidy amount for the works is NRS. 9,19,835.00 (In words: Nine Lakhs Nineteen Thousand Eight Hundred and Thirty-Five only.) including VAT. The contact (subsidy) shall be provided to the qualified and successful applicant that has applied for lowest subsidy.
3. The scope of work, eligibility criteria and qualification requirement are explained in RFA.
4. Applicants may obtain further information and inspect the RFA Documents at the office of the Barahapokhari Rural Municipality Executive, website: www.barahapokharimun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
5. A complete set of RFA documents may be purchased and downloaded from PPMO's website www.bolpatra.gov.np/egp. Applicants, submitting their bid electronically, should deposit the non-refundable cost NRS. 1,000.00 of FRA document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the applicant at the time of electronic submission of the Application.

**Information to deposit the cost of RFA document in Bank:**
**Name of the Bank: Sunrise Bank Limited, Barahapokhari Branch**
**Name of the Office: Barahapokhari Rural Municipality, Office of Rural Municipal Executive, Province No. 1, Khotang**
**Aantarik Rajashwa Khata A/C No.: 0940620706703006 (For purchasing fee of RFA)**
**Sthaniya Taha Dharauti Khata A/C No.: 0940620706703004 (For Bid Security)**

6. Electronic Applications must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Hrs. on 2078-12-29. Applications received after this deadline will be rejected.
7. The Applications will be opened in the presence of Applicants' representative who choose to attend at 14:00 Hrs. on 2078-12-29 at the office of Rural Municipal Executive. Application must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRS. 27,000.00, which shall be valid for 30 days beyond the validity period of the Application.
8. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of Application submission.
9. Executive Office reserves the right to accept or reject wholly or partly any or all the Applications.

..........................
**Man Bahadur Ban**
**Chief Administrative Officer**